शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ५ मितिः २०७५/०२/१०

भाग-१

शैल्यशिखर नगरपालिका

## शैल्यशिखर नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७५

स्थानीय राजपत्र

शैल्यशिखर नगरपालिकाद्वारा प्रकाशित

सुदूरपश्चिम प्रदेश, गोकुलेश्वर, दार्चुला जेष्ठ १० गते बिहिवार, २०७५ साल संख्या : ५

## भाग : १

## शैल्यशिखर **नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन निर्देशिका २०७५**

(शैल्यशिखर नगरसभाबाट स्वीकृत मिति : २०७५/०२/०४) ,

**प्रस्तावना** :

भुकम्प, भू–क्षय, बाढी पहिरो, आँधीवेरी, आगलागी, महामारी, हुरी वतास, सुख्खा, हिमपात, असिना आदि विपद् का रुप हुन । यस प्रकारका घटनाहरु जुनसुकै समयमा पनि घट्न सक्ने भएकोले त्यसप्रति सचेत र पूर्व तयारी हुनु जरुरी छ । विपद् जन्य घटनाहरु घट्न नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटी हालेमा यसलाई तत्काल उचित व्यवस्थापनका लागि आवश्यक सतर्कता अपनाउनु जरुरी छ । शैल्यशिखर नगरपालिकाबाट विपद् व्यवस्थापन विशेष कोष खडा गरि रकम जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । विपद् जन्य घटनाको व्यवस्थापनमा स्थानीय सरकारको भुमिका अहम हुने भएकोले नगरपालिकामा पनि यस कार्यले प्राथमिकता पाउनु अपरिहार्य छ । यसै कुरालाई ध्यानमा राखि शैल्यशिखर नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ दिएको अधिकार प्रयोग गरि विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका २०७५, बनाई शैल्यशिखर नगरपालिकाको नगरसभाबाट स्वीकृत गरी कार्यान्वयमा ल्याएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस निर्देशिकाको नाम " शैल्यशिखर नगरपालिकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका २०७५, रहेने छ ।

२) यो निर्देशिका शैल्यशिखर नगरपालिकाको नगरसभाबाट पारित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१) "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

२) "निर्देशिका" भन्नाले “शैल्यशिखर नगरपालिकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका २०७५” सम्झनुपर्दछ ।

३) "कोष" भन्नाले स्थानीय सरसकार संचालन ऐन, २०७४ बमोजिम स्थापना भएको विपद् व्यवस्थापन विशेष राहत कोष लाई सम्झनु पर्छ ।

४) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको शैल्यशिखर नगरपालिकालाई सम्झनु पर्दछ ।

५) "कार्यपालिका" भन्नाले शैल्यशिखर नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

६) "नगर सभा" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा (१) नगर सभा गठन भएको शैल्यशिखर नगरपालकाको नगर सभा सम्झनु पर्दछ ।

७) "स्थानीय तह" भन्नाले नगरपालिका सम्झनु पर्दछ सो शव्दले जिल्ला सभालाई समेत जनाउदछ ।

८) "समिति" भन्नाले विपद् व्यवस्थापन विशेष कोष संचालनको लागि गठन गरिएको समिति मस्झनु पर्छ ।

९) "कर्मचारी" भन्नाले शैल्यशिखर नगरपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

१०) "प्रमुख प्रशासनिक अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नगरपालिकाको प्रमुख प्रशासनिक अधिकृतको रुपमा कामकाज गर्न तोकीएको प्रमुख प्रशासनिक अधिकृतलाई सम्झनु पर्दछ ।

११) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई सम्झनु पर्दछ ।

१२) "संयोजक" भन्नाले कोष संचालन समितिका संयवजकलाई सम्झनु पर्दछ ।

१३) "सदस्य सचिव" भन्नाले कोष परिचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

१४) "गैर सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको बिभिन्न निकायमा विधिवत रुपमा दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

१५) "पूर्वाधार" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल साईट, सार्वजनिक शौचालय, साँस्कृतिक सम्पदाहरुलाई सम्झनु पर्दछ ।

१६) "विपद्" भन्नाले प्राकृतिक, भौतिक,मानवीय वा अन्य कुनै कारण बाट आकस्मिक रुपमा घटित घटनाबाट आईपर्ने संकटको अवस्था र सोको कारणबाट हुन गएको धनजन, पशुपंक्षी, भूमी लगायत विभिन्न प्राकृतिक सम्पदाको क्षतिलाई सम्झनु पर्दछ ।

१७) "मर्मत सम्भार" भन्नाले विपद्बाट क्षतिग्रस्त भएका पूर्वाधार लगायतका अन्य क्षतिग्रस्त स्थानहरुको व्यवस्थित किसिमले नगरपालिका लगायत अन्य सरकारी तथा गैरसरकारी निकायले सम्पादन गरिने कार्य सम्झनु पर्दछ ।

**३. निर्देशिकाको उद्देश्यः**

यस निर्देशिकाको प्रमुख उद्देश्य शैल्यशिखर नगरपालिका भित्र आइपर्ने विपत्ति तथा विपद् जस्ता घटनाहरु उचित व्यवस्थापन गर्नका लागि आवश्यक संरचना तयार पारी कार्यान्वयनमा लैजानु प्रमुख उद्देश्य हो, यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

1) प्राकृतिक विपद् मा परेका जताको तत्काल उद्बारका निमित्त सहयोग पुर्‍याउने ।

2) राहतका निम्ती श्रोत साधनको व्यवस्थापन गर्ने ।

3) बार्षिक रुपमा विपद् व्यवस्थापन लगायतका अन्य सम्भावित जोखिमहरुको विवरण तयार पारी जोखिमका आधारहरुको सामाधान गर्न कार्यक्रम तयार गर्ने ।

4) वर्तमानमा प्राप्त लगानी वा थोरै मेहनतबाट भविश्यमा हुने ठुलो क्षतिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने ।

5) प्राकृतिक विपद् मा परेकाहरुलाई राहत सामग्री र आर्थिक सहायता उपलव्ध गराउने।

6) विपद् मा परेकाहरुलाई अस्थायी बसोबास र खानपिनको व्यवस्था गर्ने ।

7) विपद् बाट क्षतिग्रस्त संरचनाको पुनः निर्माण र मर्मत सम्भारमा सहयोग पुर्‍याउने ।

8) सर्वसाधारण जनतालाई विपद् को रोकथाम र त्यसबाट बच्ने उपायहरुका सम्बन्धमा जनचेतना जगाउने उपायहरु अवलम्बन गर्ने ।

9) नगर क्षेत्र भित्र पीडित सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

10) विपद् सम्बन्धी प्रयाप्त जनचेतना जगाउने ।

**४. निर्देशिकाको कार्य क्षेत्र र सिमाः**

विपद् व्यवस्थापनकार्यका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थागत पक्षलाई समेटिएकोछ । शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आफ्नो प्रयोजनाका लागी मात्र यो निर्देशिका बनाएको हुँदा यसको

कार्य सिमा मुख्यतः शैल्यशिखर नगरपालिका क्षेत्रमा मात्र रहने छ, भने ठुला प्राकृतिक विपद् आई लागेमा जिल्ला भित्रका अन्य स्थानीय तह तथा देशै भरि सहयोग लिन/दिन सक्नेछ ।

**५. विपद्का कारणहरुः**

विपद् का कारणहरु देहाय अनुसार रहेको पाईन्छ ।

1) गरिबी,

2) असन्तुलित विकास,

3) लैङ्गिक असमानता,

4) जनसंख्या बृद्बि र प्राकृतिक श्रोतको बढी प्रयोग,

5) तिव्रगतिमा अव्यवस्थित शहरीकरण,

6) साँस्कृतिक द्बन्द,

7) वातावरण विनास, र

8) विपद् का विषयमा जनचेतनाको कमी

## परिच्छेद–२

## विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

**६. नीतिः**

शैल्यशिखर नगरपालिकाबाट खासगरी विपद् बाट सिर्जित प्रभाव र असरलाई न्यूनीकरण गर्दै सम्भावित जोखिमहरुलाई समयमा नै पहिचान गर्ने नीति अवलम्बन गरिनेछ ।

**७. रणनीतिः**

शैल्यशिखर नगरपालिको विपद् व्यवस्थापन तथा व्यवस्थापन सम्बन्धी देहाय अनुसार रणनीतिहरु अवलम्बन गरिने छ ।

1) नगरपालिका भित्र विपद् का जोखिमहरु न्यूनिकरण गर्नका लागि आवश्यक पर्ने सूचना र प्रविधिको प्रयोग विभिन्न सरकारी र गैर सरकारी संघ संस्थाको सहकार्यमा गरिने ।

2) विपद् पीडितहरुलाई समयमा नै राहत उद्बारका कार्हरु परिचालनका लागि सरकारी, गैर सरकारी र नीजि क्षेत्रको सहकार्यलाई सुदृढ पारिने ।

3) विकास निर्माण सम्बन्धि कार्यहरुमा वातावरणमैत्री प्रणालिको प्रयोग तथा विकासमा जोड दिने ।

**८. विपद् व्यवस्थापनका कार्यनीतिहरुः**

शैल्यशिखर नगरपालिकामा विपद् व्यवस्थापनमा देहाय बमोजिमका कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

1) प्राकृतिक विपद् मा परेकाहरुको उद्बार र राहत कार्य गर्दा यस कार्यसंग सम्बद्ब नगर तथा जिल्ला तहका अन्य निकायहरु संग समन्वय राखेर गर्ने व्यवस्था सुदृढ गरिनेछ

2) प्राकृतिक विपद् सम्बन्धी कार्यहरु संचालन गर्दा नगर क्षेत्रमा भएका विभिन्न निकाय र अन्य स्थानीय तहमा सक्षम र दक्ष जनशक्तिको प्रयोग गरि सरोकारवाला र नागरिक समाज समेतको सकृय सहयोगको नीति अवलम्वन गरिनेछ ।

3) प्राकृतिक विपद् मा परेकाको उद्बार कार्य र राहत वितरण गर्दा नगरक्षेत्रमा भएका स्काउट र अन्य संघसंस्थाका स्वयम् सेवकहरुको समेत परिचालनमा जोड दिइनेछ ।

4) विपद् बाट पीडितहरुलाई राहत, उद्बार र पुनःस्थापना जस्ता कार्य सम्पादन गर्नु पर्दा नगर, जिल्ला स्तरमा रहेका सरकारी, गैर सरकारी र नीजिक्षेत्र समेतको सहकार्यलाई बढी सद्दढ गर्न नगर स्तरिय संयन्त्रको विकास गरिनेछ ।

5) प्राकृतिक विपद् व्यवस्थापनका निम्ति सामग्री र नगद जुटाउन सामाजिक संघ संस्था र दातृ निकायहरुको समेत सहयोग परिचालन गर्न आवश्यक प्रकृया अवलम्बन गरिनेछ।

6) विपद् का शीर्षकमा विनियोजन भएको रकम कुनै पनि अवस्थामा अन्य शीर्षकमा खर्च नगर्ने नीति अवलम्बन गरिनेछ ।

7) भू-क्षय, पहिरो, बाढि र नदी नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वय गर्नका लागि नगर तथा जिल्ला स्तरिय संयन्त्रको सहयोग लिने प्रयास अवलम्बन गरिनेछ ।

8) प्राकृतिक विपद् मा परेकाहरुलाई सहयोग उपलव्ध गराउदा भरसक नगदमा भन्दा सामग्री नै उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

9) प्राकृतिक विपद् बाट सबै भन्दा बढी जोखिमा परेका र अति विपन्न वर्गहरुलाई पहिलो प्राथिमकता दिई उद्बार कार्य परिचालन गर्ने र राहत सामग्री उपलव्ध गराउने नीति अवलम्बन गरिनेछ ।

10) विपद् को अत्यधिक जोखिम रहेका क्षेत्रहरुको पहिचान नक्साङ्कन गर्ने कार्यलाई अगाडी बढाउन विपद् पूर्वको कार्य तयारीलाई प्राथमिकता दिइनेछ ।

**९. विपद् व्यवस्थापनको चक्रः**

भूकम्प, बाढी, पहिरो, आगजनी जस्तो विपद् हरुबाट बर्षेनी धनजनको ठूलो क्षति व्यहोर्नु परिरहेको छ । अझ भूकम्पीय जोखिम क्षेत्रमा परेको हाम्रो देशमा भूकम्प लगायत अन्य प्राकृतिक विपद् न्यूनीकरणको लागि यथेस्ट र भरपर्दो व्यवस्था गर्न सकिएको छैन । विपद् व्यवस्थापनलाई व्यवसथित रुपमा परिचालन गर्नका यसको प्रकृयाका सन्दर्भमा लाग्नु भन्दा अगाडी यसको प्रकृयागत चक्रका विषयमा थप प्रस्ट हुनका लागि विपद् व्यवस्थापन चक्र देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) **उद्बारः** घटना घटेको जानकारी प्राप्त हुना साथ उद्बारका लागि तयार हुने, घटना स्थलमा उद्बार सामग्री र उद्बारकर्ता पुऱ्याउने, घटनाको र घटनास्थलको वास्तविक सूचना सिघ्र उपलव्ध गराउने, बचाउन सकिने मान्छेको खोजिगर्ने, बचाउन सकिने धन सम्पत्ति बचाउ गर्ने, असुरक्षित क्षेत्रबाट मानिसहरुलाई सुरक्षित क्षेत्रतर्फ लैजाने र आकस्मिक सहयोगहरु जुटाउने कार्य यस अन्तर्गत पर्दछन् ।

**(ख)** **पुर्नःस्थापनाः** विपद् बाट मानिसमा परेको प्रवाहको मूलयाङ्कन गर्ने, प्रभावित नागरिकहरुलाई तत्काल आपतकालिन सहयोग प्रदान गर्ने र पुर्बवत अवस्थामा पुऱ्याउन आर्थिक सहयोग दिने, सरसल्लाह दिने र हौसल्ला बढाउने, पुर्नः स्थापना योजना तर्जुमा गरी कार्यान्वयमा ल्याउने जस्ता कार्यहरु यसमा पर्दछन् ।दोश्रो चरणमा गरिने यो नै पुर्न स्थापना कार्यहो।

(ग) **पुर्नःनिर्माणः**- नोक्सान भएका भौतिक संरचनाको विवरण संङ्कलन गर्ने, घर, मन्दिर, पुल, कल्भट, खानेपानी, पाठशाला, शौचालय, बिजुली बत्ति आढिको निर्माणमा लागानी गर्ने, बिग्रिएका सबै सेवाहरुको पुनःसंचालन गर्ने कार्य यस अन्तर्गत पर्छन् । विपद् व्यवस्थापन चक्रको यो नै तेश्रो चरण हो ।

**(घ)** **पिडा साम्यः** विपद् पूर्व र पछि मानिसमा पर्न सक्ने र पर्ने शारिरिक, मानसिक र प्राकृतिक पिडा कमगर्न वा साम्य पार्न गरिने कार्यपिडा साम्य हो । यसमा कुनै घटना घट्नु अघि जनचेतना जागृत गराउने खालका कार्य गर्नु, सम्भावित खताहरुबाट बच्नका लागि आवश्यक कार्यगर्न र घटि सकेपछि

शान्तना दिन र पिडालाई बिर्साउनका लागि गरिने विविध कार्यहरु त्यति बेला गरिन्छन् । यो नै चौथो चरणको कार्य हो ।उसले पछि घटना सक्ने घटनाहरुलाई रोकथाम गर्नुमा ठुलो सहयोग गर्दछ ।

(ङ) **पूर्व तयारीः** भविश्यमा घट्न सक्ने घटनाबाट सजक भएर हुन सक्ने क्षति कमगर्न उचार कार्यलाई ब्यवस्थित रुपमा तयार पर्ने, उद्बार सामग्रिहरुको संग्रह गर्ने, सबै क्षेत्रको सामुहिक सहयोग परिचालन गर्न, सूचना आदान प्रदान गर्ने, जाली बनाउने, पूर्व सूचना दिन सक्ने सयन्त्रको भरपर्दो रुपमा विकास गर्ने, कमजोर तथा सम्बेदनसिल स्थान तथा क्षेत्रहरुको विशेष निगरानी राख्ने काम यस अवस्थामा गरिन्छ । यो नै अन्तिम र पाँचौ चरणको कार्य हो यसकै आधारमा उद्बार कार्यालाई व्यवस्थित र भरपर्दो बनाउन सकिन्छ ।

यसरी विपद् व्यवस्थापन तथा व्यवस्थापनको निश्चित प्रकृया रहेका छन् ।घटना र अवस्थाका कारणहरुबाट सबै प्रकृया एकै हिसाबले परिचालन नहुन पनि सक्दछन् तर यसलाई मुल आधार मानि विपद् व्यवस्थापन चक्र भनि परिचालन हुने गर्दछ तसर्थ योजना कार्यान्वय गर्दा यसलाई विशेष ध्यान दिनु अति आवश्यक छ ।

**१०. कार्यक्रमहरुः**

विपद् व्यवस्थापन तथा व्यवस्थापन अतर्गत निम्न अनुसारका कार्यक्रमहरु रहनेछन् ।

1) नगरस्तरीय रणनीतिको तर्जुमा र कार्यान्यन,
2) सचेतना कार्यक्रम संचालन,
3) विपद् व्यवस्थापनको क्षमता अभिबृद्बी कार्यक्रम,
4) विपद् पिडितहरुलाई उद्बार, राहत र पुनः स्थापनाको पूर्व तयारी,
5) उद्बार तथा राहत कार्यक्रमको अध्ययन, अनुसन्धान तथा बिश्लेषणको कार्यक्रम,
6) विपद् रोकथाम,
7) विपद् न्युनीकरण,
8) जनचेतना जगाउने कार्य, र
9) अध्ययन तथा अनुसन्धन

**११. पूर्व तयारी सम्बन्धी कार्यक्रमहरुः**

नगरपालिकाले विपद् व्यवस्थापन तथा व्यवस्थापनका लागि देहायका पूर्व तयारीका कार्यक्रमहरु संचालन गर्नेछ

1) **संगठनात्मक व्यवस्थाः-** शैल्यशिखर नगरपालिकाले विपद् व्यवस्थापन तथा व्यवस्थापनका लागि कार्यालयमा त्यस सम्बन्धि कार्य हेर्ने छुट्टे इकाई वा शाखाको व्यवस्था गर्नेछ ।
2) **जनशक्तिको व्यवस्थाः-** शाखा वा इकाईको व्यवस्था भएपछिसो कार्य सम्पादनका लागि योग्य जनशक्तिको व्यवस्था गरिनु पर्दछ । यस किसिमको कार्यसम्पादन गर्नका लागि नगरपालिका स्वयं वा अन्य स्थानीय तह संग मिलेर विशेष टोली गठन गरी तालिमको व्यवस्था सहित आवश्यक साधन तथा औजारहरुको व्यवस्था मिलाउनु पर्दछ।
3) **आवश्यक बजेटको ब्यवस्थाः** नगरपालिकाले विनियोन गरेको बजेटका साथै अन्य श्रोतबाट पनि रकम स्कलन गरी राख्ने व्यवस्था गर्नु पर्दछ । विपद् जुनसुकै बेलामा पनि हुन सक्ने हुँदा बजेट विनियोजन हुन सक्ने अवस्थामा रही रहनु पर्दछ ।
4) **साधनको व्यवस्थाः-** प्रारम्भिक साधनहरुको व्यवस्था कार्यालयमा तयारी हालतमा राख्नु पर्दछ।जुनसुकै बेलामा पनि प्रयोगमा लैजान सक्ने गरी कार्यालयमा भण्डारणको व्यवस्था हुन आवश्यक छ ।

5) **जोखिमको पहिचानः–** कार्यालयले नगरपालिका क्षेत्रभित्रजोखिम स्थानहरुको पहिचान गर्नु पर्दछ । यसका लागि अद्याविधक विवरण तथा भविश्यमा घट्न सक्ने घटनाको सम्भावित क्षमताका बारेमा जानकारी राख्नु पर्दछ ।

6) **अध्ययन विश्लेषणः** विपद्  सम्बन्धी घटनाहरुको अध्ययन तथा बिश्लेषण जस्ता कार्यहरु पनि नगरपालिकाले गर्नु पर्दछ।जसले गर्दा नगरवासीहरुले आवश्यक जानकारी प्राप्त गरी त्यस किसिमका घटनाहरु सचेत र सजग रहन सक्छन् ।

7) **जनचेतना अभिबृद्बि एवं प्रशिक्षण कार्यक्रमः** स्थानीय तहमा विपद् बाट बँच्नका लागि विभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ।विभिन्न संघ संस्थाहरुको सहयोगमा पनि यस प्रकारका अभिमुखिकरण गोष्ठी, तालिम आदिको व्यवस्था गर्न सकिनेछ । विपद् बाट बँच्नका लागि स्थानीय जनताहरुलाई प्रशिक्षण समेतका कार्यक्रमहरु संचालन गर्दा महिला,बालबालिका र प्रौढहरुलाई समेत सहभागी गराउनु पर्दछ। यसै गरी नगरक्षेत्र भित्रका विद्यालयहरुमा पनि  विपद्  व्यवस्थापन र त्यसबाट बच्न सक्ने वा जोगिन सकिने बिषयहरुको ज्ञान दिलाउनु पर्दछ ।

**१२. विपद् व्यवस्थापन वर्गिकरणः**–विपद् व्यवस्थापन तथा व्यवस्थापनको चक्रलाई हेर्दा खासगरी यसका कार्यहरुलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) **विपद्  अगाडी गरिने कार्यकहरुः**

१. सम्भावित घटनाका बारेमा पूर्व सूचना एवं जानकारी प्राप्त गर्नु,
२. त्यसबाट प्रभावित हुन सक्ने सम्भावित जनसमुदायलाई पूर्वजानकारी दिनु,
३. पूर्व रोकथामका सम्भाव्य उपायहरु पत्ता लगाउनु ।
४. सम्भाव्य जोखिमबाट बँच्ने उपाय सम्बन्धमा सर्वसाधारणलाई प्रशिक्षण दिनु,
५. व्यवस्थापन गर्ने कार्यक्रम लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्ने,
६. संगठनात्मक संयन्त्रको व्यवस्थापन गर्नु,
७. रोकथाम नियन्त्रण र राहत लगायतका बिषयहरुमा योजनाबद्ब ब्यवस्था गर्ने,
८. श्रोत,साधन र जनशक्तिको व्यवस्था गर्नु, र
९. उद्बार दलमा संलग्न हुने व्यक्तिलाई तालिम र प्रशिषण दिनु,

**(ख) विपद्  पश्चात गर्नुपर्ने कार्यहरुः**

**१.** खोजतलास,औषधी उपचार तथा उद्बार सम्बन्धी कार्यहरु,
**२.** सडक, राजमार्ग,हवाईमार्ग आदिको क्षति तुरुन्त हटाई यातायात सुचारु गर्नु,
**३.** खाद्यान्त एवं पानिको व्यवस्थाका साथै संचार एवं विद्युत सेवा सुचारु गर्ने,
**४.** बासोबास एवं लत्ता कपडाको व्यस्था मिलाउने,
**५.** आपतकालिन आर्थिक सहयोग प्रदान गर्ने,
**६.** विपदमा परेका व्यक्तिहरालाई सल्लाह सुजाव र सत्वना प्रदान गरी आत्मबल बलियो बनाउने,
**७.** आपत्कालिन पुर्नःनिर्माण शुरु र दीर्घकालिन पुर्नःनिर्माणका लागि योजनाबद्ब प्रयासहरु थाल्ने,
**८.** पुर्नःनिर्माण र पुर्नः संरचनाका कार्यहरु गर्ने
**९.**

**१३. नगरपालिकाको दायित्वः**

विपद् व्यवस्थापन योजनाका लागि महाकाली नगरपालिकाको प्रमुख दायित्व देहाय अनुसार रहनेछ ।

१. नगर भित्रको सम्भावित खतरा र उद्बार गर्नु पर्नेको स्थिति विवरण तयार गर्ने,
२. नगरपालिकाको विपद् गुरुयोजना तयार गरी अध्यावधिक गर्ने,
३. निम्न विवरण सहितको बार्षिक योजना तयार गरि नगरपरिषदबाट स्विकृत गर्ने,

(क) तत्काल उद्बारका लागि आवश्यक भएको स्थानहरुको विवरण,
(ख) कार्यको प्रकार र कार्यको प्रथमिकता,
(ग) कार्यको डिजाईन तथा लागत अनुमान,
(घ) कर्मचारीहरुको बिस्तृत विवरण सहितको जानकारी,
(ङ) उपलव्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,
(च) प्राथमिकिकरण अनुमानित तालिका तथा उद्बार कार्ययोजना ।

## परिच्छेद–३
## कार्यान्वय व्यवस्थापन

**१४. कार्यान्वयन व्यवस्थापनः**

(क) विपद् घटनाको अवस्था हेरी उपभोक्ता समिति वा ठेक्कापट्टा वा नगरपालिकाले सोझै कामदार मार्फत उद्बारको कार्य व्यवस्था मिलाउनेछ ।

(ख) कुनकाममा कसरी गर्ने भन्ने विषमा अवस्था हेरी समितिले तय गरे बमोजिम हुनेछ, तर यस किसिमको कार्य गर्नका लागि नगरपालिकाको पूर्व स्वीकृती भने लिनु पर्नेछ।

(ग) शैल्यशिखर नगरपालिकामा विपद् व्यवस्थापन कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरि एक समिति गठन गरिनेछ ।

1. नगर प्रमुख – संयोजक
2. पुर्वधार विकास समिति संयोजक – सदस्य
3. वातावरण तथा विपद् व्यवस्थापन समिति प्रमुख – सदस्य
4. वातावरण तथा विपद् व्यवस्थापन इकाई/शाखा प्रमुख –सदस्य
5. नगरपालिका लेख शाखा प्रमुख – सदस्य
6. नगर प्रमुखले तोकेको १ जना महिला वा दलित महिला (नगरसभा सदस्य मध्येबाट) –सदस्य
7. प्रमुख प्रशासनिक अधिकृत –सदस्य सचिव

**१५. समितिको बैठकः–**

(क) समितिको बैठक कम्तिमा बर्षको तीन पटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(ख) समितिको बैठक संयोजक संग परामर्श गरि सदस्य सचिवले बोलाउनेछ ।

(ग) संयोजकको अनुपस्थितिमा बैठक बस्न नसक्ने अवस्था भएमा प्रमुख प्रशासनिक अधिकृतको समन्वयमा बैठक बसि आवश्यक निर्णय लिन सकिनेछ ।तर यस किसिमको बैठबाट भएको निर्णयलाई पछिल्लो बैठकमा जानकारीका लागि पेश गर्नुपर्नेछ ।

**१६. समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

1) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने।

2) कोषको लागि बार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

3) कोषको आय व्यय सम्बन्धी हर हिसाब लेखापरीक्षण गराई सोको लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा मार्फत नगर सभामा पेश गर्ने ।

4) सचिवालय संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरु लगायत खर्चको व्यवस्था नगरपालिका कार्यालयबाटै मिलाउने ।

5) प्रत्येक महिनामा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिकगर्ने/गराउने।

6) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

7) विकास साझेदार तथा विभिन्न सरकारी अर्ध सरकारी निकायहरुसंग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

8) विपद् बाट क्षति भई मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पुल, पूलेसा र सडकको विवरण संकलन गर्ने ।

9) श्रोतको व्यवस्थापन गर्ने ।

**१७. समितिले ध्यान दिनु पर्ने कुराहरुः**

समितिले निम्न कुराहरुमा ध्यान दिनु पर्नेछः

1) उद्बार कार्यक्रममा सरकारी तथा गैर सरकारी कार्यालयहरुका साथै सामाजिक संघ संस्थाहरुको भुमिका निर्धारण,

2) विपद् व्यवस्थापनका लागि दक्ष जनशको व्यवस्थापन र उत्पादन,

3) विपद् पर्ने क्षेत्रका बासिन्दाहरुलाई पूर्व जानकारी तथा चेतावनी,

4) विपद् पीडितहरुको उद्बार तथा राहतका लागि सामग्रीको व्यवस्था,

5) जनचेतना अभिबृद्बि गराउने कार्यक्रमको नियमित कार्यान्वयन,

6) तथ्याङ्क संकलन र कार्यान्वय,

7) विपद् बाट पीडित हुन सक्ने बासिन्दाहरुको समयमा नै सुरक्षित स्थानमा स्थानन्तरण,

8) प्राकृतिक विपद् को उद्बार तथा राहतका लागि व्यवस्थापकीय क्षमताको विकास, अनुसन्धान तथा सर्वेक्षणको व्यवस्था,

9) विपद् को घटना घटेको स्थान सम्म सार्वजनिक यातायातको व्यवस्थापन,

10) विपद् व्यवस्थापन कार्यको रेखदेख, अनुसन्धान तथा मूल्यांङ्कन,

11) व्यवस्थापन कोष तथा कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था,

12) प्रचार प्रसार र सूचना संकलन ।

**१८. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

समितिका पदाधिकारीहरुको काम कर्तधव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) संयोजकको काम, कर्तव्य र अधिकारः**

(१) समितिको बैठकको अध्यक्षता गर्ने,

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

(३) कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने,

(४) समितिबाट पारित बार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगरसभामा पेश गर्ने व्यवस्था मिलाउने,

(५) कार्यक्रमको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने,

**(ख) सदस्यको काम, कर्तव्य र अधिकारः**

(1) समितिको बैठकमा नियमित रुपमा भाग लिन,

(2) निर्णय कार्यान्वयमा सहयोग गर्ने,

(3) कोषको प्रवर्द्बन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने,

(4) अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने/गराउने ।

**(ग) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(१) कोषको कार्यालय संचालन गर्ने,

(२) बैठकको निर्णय अभिलेख गर्ने,

(३) बैठकको निर्णय कार्यान्वय गर्ने,

(४) संयोजकको निर्देशन अनुसार कार्य संचालन गर्ने/गराउने,

(५) कोष संचालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखाङ्कन गर्ने,

(६) बार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

## परिच्छेद–४

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९. कोषको स्थापना र खाताको व्यवस्थाः**

१. स्थानीयर सरकार संचालन ऐन,२०७४ र शैल्यशिखर नगरपालिका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४, बमोजिम एक विपद् व्यवस्थापन बिशेष राहत कोष स्थापना गरिनेछ ।

**२. दफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् ।**

(क) विपद् व्यवस्थापन कोषका लागि हाल सम्म छुट्याइएको रकम,

(ख) प्रत्येक आर्थिक बर्षमा नगर सभाले आफ्नो जम्मा गरेको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्बारा कोषलाई प्राप्त हुने सहयो वा अनुदान रकम,

(घ) नगरसभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकार, प्रदेश सरकारबाट विनियोजन रकम,

(च) सिमा जोडएका अन्य स्थानीयह तह तथा अन्य श्रोतबाट प्राप्त रकम,

(छ) नेपाल सरकाबाट स्वीकृत प्राप्त भए बमोजिम वैदेशिक श्रोतबाट प्राप्त रकम,

(ज) अन्य विविध श्रोतबाट प्राप्त रकम,

(झ) यो निर्देशिका लागु हुनु भन्दा अगाडी दैवी प्रकोप उद्बार विशेष राहत कोषमा राष्ट्रिय वाणिज्य बैकमा रहेको मौज्दात रकम ।

**20. कोषको प्रयोगः**

कोषको रकम देहाय बमोजमको कामको लागि प्रयोग गर्न सकिनेछः

(क) नियमित रुपमा पिडितहरुको लागि प्रयोग गर्न/गराउन,

(ख) निरिक्षण अनुगमन तथा समितिको बैठकमा बैठक भत्ता वितरण गर्न,

(ग) प्राकृतिक विपद् व्यवस्थापन प्रति सकरात्मक धारणा,सम्मान मर्यादा र दायित्व वोधबारे जनचेतना अभिबृद्बि गराउन,

(घ) विपद् व्यवस्थापन काम गर्ने संस्थाहरु बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण अनुगमन गर्ने,

(ङ) सामाजिक जनचेतना तथा सहभागितामुलक कार्यक्रम संचालन गर्ने,

(च) प्राकृतिक विपत्तिमा परेकाहरुको उद्बार र राहत प्रदान गर्ने,

(छ) प्राकृतिक विपद् मा परेका जनताको उद्बार र राहतका निम्ति प्राथमिक सामाग्रीहरुको व्यवस्था गरी वितरण गर्ने,

(ज) तत्काल विपद् मा पर्ने सम्भावना भएका क्षेत्रका जनतालाई सचेत गराउन,

(झ) तत्काल खतराको सम्भावना भएको क्षेत्रबाट जनतालाई सरक्षित स्थानमा सार्ने,

(ञ) विपद् बाट क्षतिग्रस्त संरचना र विकास पूर्वाधारहरुको पुनर्निर्माण र मर्मत सम्भार गर्ने ।

**21. नपुग रकमको व्यवस्थाः**

रकम अभाव भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्यता हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि प्राविधिकको सिफारिश सहित पेश गर्नु पर्नेछ ।

**22. अनुमानित खर्च विवरण पेश गर्नु पर्नेः**

आगामी आर्थिक बर्षमा विपद् व्यवस्थापन कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगरसभाबाट बजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नुपर्नेछ ।

**23. श्रेस्ता राख्नेः**

१. कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च नगर सभाबाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन,

३. नगरसभाबाट उपलव्ध गराउने रकम तोकिएको क्षेत्र बाहेक अन्यन्त्र खर्च गर्न पाइने छैन।

**24. बैठक भत्ताः**

समितिका पदाधिकारीहरुको बैठकमा भाग लिए वापत नगर सभाबाट तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**25. खाता संचालनः**

कोषको खाता संचालन शैल्यशिखर नगरपालिकाको प्रमुख प्रशासनिक अधिकृत वा निजले तोकेको व्यक्ति र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको व्यक्ति संयुक्त दस्तखतबाट गरिनेछ ।

**26. लेखा परीक्षणः**

१. विपद् व्यवस्थापन कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक परीक्षण शाखाबाट गरिनेछ भने अन्तिम लेखा परीक्षण महाकालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

२. अन्तिम लेखा परीक्षण हुँदा तयार गरिएको आर्थिक विवरण सहितको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्रमुखले लेखा समितिमा पठाउनु पर्नेछ ।

## परिच्छेद–५

## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**27. अनुगमन तथा मूल्याङ्कनः**

नगरपालकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका बमिम संचालन गरिएका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन निरिक्षण तथा मूल्याङ्कन गर्दा बुदा नं. १२ (ग) बमोजिम समिति संग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्याङ्कनका आधारमा दिइनेछ ।

(ग) अनुगमन तथा मूल्याँङ्कनको आधारमा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गरनेछ।

(घ) अनुगमन तथा मूल्याँङ्कन सम्बन्धी खर्चको व्यवस्था नगर कार्यपालिकाको कार्यालयले मिलाउनेछ ।

(ङ) उपभोक्ता समितिबाट हुने उद्बार सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायतका विवरण संकलन काममा संलग्न व्यक्तिहरुको हाँजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**28. रकम निकास हुने अवस्थाः**

विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन हुँदा रकम निकासा हुने अवस्था देहाय अनुसार हुनेछः

1) कार्यक्रम स्वीकृत भएपछि विधिवत रुपमा उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

2) कार्यक्रमको लागत अनुमान नगरपालिकाको प्राविधिक जनशक्तिवाट गराउनु पर्नेछ ।

3) प्राबिधिक जनशक्ति नहुने अवस्थामा जस्तैः उद्बार,राहत,तालिम,अनुशिण आदिको लागी प्रस्तुत भएको लागत अनुमानको स्वीकृत परिधि भित्र रही कार्यसंचालन गर्नु पर्नेछ ।

4) गतविगतको पेश्की बाँकी रहेका व्यक्ति वा संस्थासंग सो पेश्की फर्छयौट नभए सम्म कुनै सम्झौता गरिने छैन ।

**29. रकम खर्च गर्न प्रकृयाः**

उद्बार तथा राहत कार्यक्रम संचालन गर्न प्रचलित ऐन तथा नियमावलीहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ । नियमानुसारको विल भरपाईहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**30. विवरण सार्वजिक गर्नु पर्नेः**

उद्बार सम्बन्धी कार्यक्रमका लागि उपलव्ध गराइएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**31. पुरस्कार तथा प्रशंसा-पत्र प्रदान गर्न सक्नेः**

राम्रो कामगर्ने उपभोक्ता समिति तथा कर्मचारीहरुलाई महाकाली नगरपालिका नगर कार्यपालिकाले नगद वा प्रशंसा पत्र दिन सक्नेछ ।

**32. जाँचपास तथा फरफारकः**

यस कार्यक्रम अन्तर्गत स्चालित कार्यक्रमहरु पनि सम्पन्न भएपछटी समयमा नै जाँचपास गरी त्यसको फरफारक देहाय अनुसार गर्नु/गराउनु पर्नेछ

(1) यसका लागि आयोजना सचालन गर्ने निकाय, संसथा,समिति,उपभोक्त समिति वा व्यक्ति आफुले संचालन गरेको आयोजना वा कार्यक्रम सम्पन्न भए पछि जाँचपास वा फरफारक गर्न नगरपालिकामा रहेको विपद् व्यवस्थापन विशेष कोष संचालन समितिको सिफारिश साथ नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(2) प्राप्त निवेदन मध्ये, सडक,भवन,सिंचाई, कुलो, सामुदायिक भवन,पुस्तकालय,वाचनालय, वनभोजनालय,बाल उद्यान आदि जस्ता निर्माण प्रकृतिका आयोजना तथा कार्यक्रमहरुको प्रतिवेदन प्राप्त भएपछि प्रचलित नियमानुसार नगरपालिकाले जाँचपास तथा फरफारक गर्नुपर्नेछ ।

(3) ज्ञान,सीप तालिम लगायत चेतना अभिबृद्बि गर्ने प्रकृतिका आयोजनाहरु सर्दभमा भने तिनिहरुको भौतिक र वितिय प्रगति समेत खुल्ने गरी निवेदन प्राप्त भएपछि नगरपालिकाले सम्झौता भएअनुसार कार्य सम्पन्न भए/नभएको जाँची सम्पन्न भएको भए प्रचलित प्रकृया अनुसार तोकिएको समय भित्र झाँचपास र फरफारक गरिदिनु पर्नेछ ।

33. **संशोधन, खारेजीतथा बचाउः**

**१.** यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन, नियमको परिधि भित्र रही नगर सभाले संशोधन गर्न सक्नेछ ।

**२.** यस निर्देशिकामा उल्लेख भएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुको हकमा प्रचिलित ऐन, नियमावली अनुसार हुनेछ ।

**३.** यस निर्देशिकामा लेखिएका कुराहरु नेपाल सरकार तथा प्रदेश सरकारका प्रचलित कानूनहरु संग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**४.** साविक अपी नगरपालिका हाल शैल्यशिखर नगरपालिकाबाट जारी भएको अपी नगरपालिका दैवी उद्बार विशेष कोष संचालन निर्देशिका २०७२, खारेजी गरिएको छ र उक्त निर्देशिका बमोजिम हाल सम्म भई गरेका काम कार्वाहीहरु यसै निर्देशिका बमोजिम गरेको मानिनेछ ।

**आज्ञाले,**
सुरेन्द्रबहादुर बिष्ट
नि.**प्रमुख प्रशासकीय अधिकृत**